# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# माण्डवी गाउँपालिका, प्युठान




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
सामाजिक सेवा विभाग
Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय )**

पत्र संख्या:२०७६/७७
च.नं ९७

मिति: २०७७/३/२६

श्री अध्यक्ष ज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
माण्डवी गाउंपालिका, प्यूठान ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीयतहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीयतहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका,महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवाप्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीयतहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवाप्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीयतहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीयतहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको,बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको,खर्च पश्चात बजेट तथाकार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको,अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ताप्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको,तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन ।स्थानीय तहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको,श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको,संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकनतथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ ।गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीयतहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सामाजिक सेवा बिभाग

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal,
Kathmandu, Nepal

(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय )

पत्र संख्या : २०७७।७८
च.नं९७

मितिः २०७७।३।२६

श्री गाउंपालिका  अध्यक्ष ज्यू,
माण्डवी गाउंपालिकाको कार्यालय, प्यूठान ।

**विषयः  लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले माण्डवी गाउंपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउंपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढांचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.१ करोड ६४ लाख ०५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७ लाख ९७ हजार, नियमित गर्नुपर्ने रु.९५ लाख ५४ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.६० लाख ५४ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न ६ दफाको रु ६ लाख ६३ हजार असुल भई प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १६ ( सोह्र) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउंपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त   छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ ।  गाउं कार्यपालिका, गाउंपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउंपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको

कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजी जन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# माण्डवी गाउंपालिका, प्यूठान
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न माण्डवी गाँउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी जनतालाई सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो गाउँपालीका अर्न्तगत ५ वडा रहेको, २९ सभा सदस्य, ११३.०८ व.कि.मी.क्षेत्रफल र १५०५८ जनसंख्या सहित ५ नं प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चिकोष :** आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चित कोष आय - व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सिन | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | **गत वर्षको जिम्मेवारी** | | २१९०६७६८.८२ | १ | चालु खर्च | | १६०६४५५३५.१४ |
| | क) नगद | ० | | २ | पूँजीगत खर्च | | ९५१११५०४.८८ |
| | ख) बैंक | २१९०६७६८.८२ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **७७०३४७३.७३** | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ६७७७०५२.७३ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ९२३४१२.० | | | ग) अन्य भुक्तानी | | |
| | ग) प्रदेश राजस्व वाँडफँड | | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | **२१७३५२४३८.६९** | | ऋण लगानी | | |
| | क)समानीकरण अनुदान | ६००००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | ९२१००००० | | | अन्य लगानी | | |
| | ग) राजस्व बांडफांड | ४०२७२९३९.० | | ५ | **विभाज्य कोष फिर्ता** | | **४२६४०९.०** |
| | घ) प्रधानमन्त्री रोजगार कार्यक्रम | ३३०२४९९.० | | ६ | **धरौटी फिर्ता** | | **६०५०००.०** |
| | ङ) सामाजिक सुरक्षा | १९४२२०००.० | | ७ | **कोष खर्चं.** | | ७२२७२६.० |
| | च) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १९५००००.० | | | **वजेट फिर्ता को.ले.नि.का** | ७२२७२६.० | |
| | छ) प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०५०००.० | | | **क) सशर्त अनुदान** | ५९५९०.५५ | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २३४५१९८२.५९ | | **ख) संघिय सरकारको अख्तियारीबाट** | ६६२७३५.५२ | |
| | क)वित्तीय समानीकरण अनुदान | ४०५१०००.० | | | वजेट फिर्ता प्रदेश को.ले.नि.का. | ० | |
| | ख) सशर्त अनुदान | ९६०००००.० | | ८ | **मौज्दात** | | १७३७७७९९.७४ |
| | ग) समपूरक अनुदान | ४५९७७९८.० | | | १. नगद मौज्दात | ० | |
| | घ) राजस्व बांडफांड | ५२०३१८४.५९ | | | २.बैंक मौज्दात | १६१७८५७८.७४ | |
| | ङ) विशेष अनुदान | ० | | | २.१ समानिकरण , रा.वा. र आ. श्रोत बजेटबाट | १५३०३६८७.७४ | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | १२२१२९०.० | | २.२ दैवि प्रकोप कोष | १०४०००.० | |
| | **क) साविक गा.वि.सको खातामा रहेको खा.पा. तर्फको रकम प्राप्त** | १२२१२९०.० | | | २.३ विभाज्य कोष | ६१२८९१.० | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | २.४ महिला बालवालिका कोष | १०८०००.० | |
| | क) ऋण प्राप्ति | | | | २.५ मर्मत सम्भार कोष | ५००००.०० | |
| | ख) साँवा प्राप्ति | | | | २.६ धरौटी मौज्दात | ११९९२२१.० | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | १४४८८००.० | | | | |
| | **प्रकोप व्य.कोष** | २५१५००.० | | | | | |
| | **महिला वालवालिका कोष** | १०८०००.० | | | | | |
| | **मर्मत कोष** | ५००००.० | | | | | |
| | **विभाज्य कोष** | १०३९३००.० | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | | |
| १० | **धरौटी आय** | | **१८०४२२१.०** | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| | **जम्मा** | | **२७४८८८९७४.८३** | | **जम्मा** | | **२७४८८८९७४.८३** |

| दफा नं. | भौ. नं. र मिति | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | बेरुजू रकम रु. |
|---|---|---|---|
| १ | | **आर्थिक विवरण :** गाँउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणलीको सिद्धान्तमा आधारित प्रोदभावि लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले सो अनुसार लेखा राखेको देखिएन । तयार गरिएका आर्थिक विवरणले वास्तविक सम्पत्ति र दायित्वको स्थिति देखाउदैन भने शिर्षकगत खर्चको स्थिति समेत मुल्याकंन गर्न सकिने स्थिति देखिएन । | |
| १.१ | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम आर्थिक विवरणको अन्तमा खर्च खाताहरुमा रहेको रकम स्थानीय संचालन कोष खातामा ट्रान्सफर गरी शुन्य बनाउनुपर्नेमा सो खाता शुन्य नबनाई चालु खर्च खातामा र.५,९२,८४,६७३.२८ वांकी मौज्दात देखाएको छ । आ.व.को अन्तमा खर्च नभै वांकी रहेको रकम स्थानीय सञ्चित कोष खातामा ट्रान्सफर हुनुपर्दछ । | |
| १.२ | | कार्यालयले आय-व्यय विवरणमा वैंक मौज्दात रु.१,७३,७७,७९९.७४ देखाएको छ भने वैंक मौज्दात विवरण अनुसार रु.६,०५,५६,७२४.१४ देखिएकोले श्रेस्तामा भन्दा वैंकमा बढि देखिएको रु.४,३१,७८,९२४.४० को वैंक मौज्दात विवरण तयार गरी हिसाव मिलान गर्नुपर्दछ । | |
| १.३ | | स्थानीय निकायले मिति २०७५ चैत्र देखि लागु गरेको नेप्सास (नेपाल सार्वजनिक क्षेत्र मानदण्ड) बमोजिम आय व्यय विवरण तयार गर्नुपर्नेमा यस गाउंपालिकाले सो वमोजिम विवरण तयार नगरी साविक ढाँचाको विवरण उपलव्ध गराएको छ । | |
| २. | | **श्रोत नखुलाई कार्यक्रम छनौटः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ को उपदफा ६ मा गाउंपालीकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा श्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मुल्यांकन योजना समेत तयार गर्नुपर्ने व्यवस्था छ । यस गाउंपालीकाले यो वर्ष कुनै पनि योजनाको सम्भाव्यता अध्ययन, आयोजनाको प्राथमिकिकरण, कार्यान्वयन तालिका र अनुगमन तथा मुल्यांकन योजना तयार गरेको पाईएन । त्यसै गरी आन्तरिक श्रोतबाट भएको खर्च र वित्तीय समानीकरणबाट हुने खर्च एकिन हुने गरी कार्यक्रम तय गरेको पाईएन । कुनै आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कुन कुन श्रोतबाट के कति रकम सो कार्यक्रममा खर्च गरिने हो विवरण खुलाई बजेट तथा कार्यक्रम पारित गरी सोही अनुरुप कार्यान्वयन गरिनुपर्दछ । | |
| ३. | | **साना आयोजना केन्द्रीत बजेटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउने कार्यविधि अर्न्तगत निर्माण कार्यको लागत अनुमान तयार गरी सम्बन्धित काम वा सेवाको प्रकृति परिमाण लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यर्होने वा बेहोर्नुपर्ने रकम खुलाई प्रस्ताव लिई सम्झौता गरी कार्य गराउनुपर्ने व्यवस्था छ । यस गाउंपालीकाले उपभोक्ता समितिमार्फत गराएका आयोजनाको लागत अनुमान तयार गर्दा गाउं सभावाट छुट्याईएको बजेटको आधारमा लागत अनुमान तयार गरी सोही अनुसार कार्य सम्पन्न भएको जनाई भुक्तानी गरेको छ । यसरी कार्य गराउंदा निर्माण कार्यको कुल लागत, सम्पन्न गर्न लाग्ने समयावधि, तथा निर्माण कार्यको गुणस्तर नहुन सक्ने अवस्था रहन्छ । तसर्थ कुनै पनि निर्माण कार्य गराउंदा आयोजनाको कुल लागत अनुमान तयार गरी उक्त आयोजनालाई प्याकेजको रुपमा निर्धारीत लागतमा तोकिएको समयावधिमा पुरा गरी गुणस्तरीयता अभिबृद्धि गरिनु आवश्यक देखिन्छ । बजेट बांडफांडमा दिगो विकास र उत्पादकत्व बृद्धि गर्ने खालका ठुला आयोजना भन्दा साना टुक्रे आयोजनाले प्राथमिकता पाएको देखिएकोले आयोजना छनौटमा तहगत रुपमै विस्तृत छलफल तथा विष्लेषण गरी उपयुक्त आयोजनाको छनौट गरिनुपर्दछ । | |

| | | | |
|---|---|---|---|
| ४. | | **अनुगमन निरीक्षणः-** गाउंपालिकाले अधिकांश नयाँ ग्रामिण सडक निर्माण कार्य उपभोक्ता समितिबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानीय सरकार संचालन ऐन २०७४को दफा ७८(३) अनुसार गाउंपालीका वा नगरपालिकाको अध्यक्ष, प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । सो अनुसारका केहि आयोजनामा अनुगमन प्रतिबेदन राखेतापनि सवै आयोजनामा अनुगमन प्रतिबेदन राखेको छैन । राखेको प्रतिबेदनमा पनि निर्माण कार्यको नाम कामको लम्बाई, चौडाई, नरम माटो, र कडा माटो वा चट्टानको कार्य के कति गरेको, के कति काम नभएको स्पष्ट नखुलाई प्रतिबेदनमा निरीक्षण गरिएका आयोजनाहरुको नाम लेखी लक्ष अनुसार काम नगर्ने निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई सचेत गराउने वा अर्को काम नदिने जस्ता व्यहोरा उल्लेख गर्ने गरेको देखियो । कुन आयोजनाबाट के काम गरेन र कसलाई सचेत वा काम नदिने कार्य गरियो सो को आधार प्रमाण पेश गरको देखिएन । सम्बन्धित पदाधिकारीहरुबाट हुने अनुगमन कार्यलाई जिम्मेबार बनाई निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ । | |
| ५. | | **लक्ष्य/प्रगति स्थिति** –कार्यालयले भौतिक एवं वित्तीय प्रगतिको समिक्षा गर्नुपर्नेमा गाउंपालिकाले यस वर्ष सवै कारोवारको भौतिक एवं वित्तीय प्रगति तयार नगरेको तथा समिक्षा गरेको नदेखिएकाले नियमानुसारको विवरण तयार गरी समिक्षा गर्नुपर्दछ । | |
| ६. | | **लक्षित समूह खर्च :** लक्षीत समुहको मागको आधारमा लक्षित समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्नुपर्ने, वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीमा खर्च गर्न नपाईने व्यवस्था भएकोमा गाउंपालिकाले कार्यक्रममा समेत खर्च गरेको देखिएकोले लक्षित समुह कार्यक्रम प्रभावकारी भएको देखिएन । | |
| ७. | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । परीक्षण सूचिको आधारमा यस गाउंपालीकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा पर्याप्त ध्यान दिएको देखिएन । गाउंपालिकाले आन्तरिक नियन्त्रण प्रणाली बनाई सोही अनुरुप कार्यसंचालन गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउनु पर्दछ ।<br>७.१ कर्मचारीहरुको कार्य जिम्मेवारी र जवाफदेहिता तोक्ने नगरेको,<br>७.२ योजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण गर्ने नगरेको,<br>७.३ सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग संवोधन गर्ने नगरेको,<br>७.४ योजना कार्यान्वयन तालिका निर्माण गर्ने नगरेको,<br>७.५ निर्धारित समयमा निर्माण सम्पन्न गर्ने नगरेको,<br>७.६ आयोजनाको भौतिक प्रगति मुल्यांकन गर्ने नगरेको,<br>७.७ अनुगमन प्रतिवेदनलाई कार्यान्वयनमा ल्याउने नगरेको,<br>७.८ करको दायरा पहिचान नगरेको<br>७.९ योजना सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न गर्ने नगरेको,<br>७.१० योजनागत कन्टिन्जेन्सी कट्टा गरी निकासा गर्ने र कट्टा गरेको कन्टिन्जेन्सीको खर्चको पारदर्शीता नभएको,<br>७.११ बैंक मार्फत भुक्तानी भएकोमा लाभग्राहीको नाम नामेसी सहितको बैंक स्टेटमेन्ट पेश नभएको,<br>७.१२ फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन नगरेको,<br>७.१३ मितव्ययी रुपमा सेवा र सुविधा वितरण नगरेको,<br>७.१४ कानूनी व्यवस्था विपरित कर्मचारी तथा पदाधिकारीलाई थप सुविधा दिने गरेको ।<br>८.१५ प्रशासनिक खर्चको सीमा निर्धारण गर्ने नगरेको, | |

| | | | |
|---|---|---|---|
| | | ८.१६ ऐन,को दफा २७ अनुसार नक्शा पास र अनुमति वेगर भवन निर्माणलाई नियन्त्रण गर्ने नगरेको,<br>७.१७ राजस्व सम्वन्धी कानून निर्माण गर्ने नगरेको,<br>८.१८ अभिलेख कायम<br>गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गने नगरेको ,<br>७.१९ प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी<br>राफसाफ गर्ने नगरेको,<br>७.२० स्थानिय तथ्यांक र अभिलेख व्यवस्थापन गर्ने नगरेको,<br>७.२१ तोकिएको ढाँचामा लक्ष्य प्रगति विवरण तयार गर्ने नगरेको८.२३<br>खरिद योजना बनाउने नगरेको,<br>७.२० भुक्तानी जनाउने छाप लगाउने नगरेको,<br>७.२१ मू.अ.कर सहितको रकम जिन्सी श्रेस्तामा नचढाएको<br>७.२२ खर्च शिर्षक बर्गिकरण अनुसार खर्च नभएको।<br>७.२३ पेश्कीका विस्तृत विवरण नखुलाई पेश्की दिने गरेको र पेश्कीको अद्ययावधिक अभिलेख राख्ने नगरेको,<br>७.२४ योजनाको संख्या अत्याधिक रुपमा सञ्चालन गर्ने गरेकोले अनुगमन प्रभावकारी हुन नसकेको<br>७.२५ खर्च शिर्षक बर्गिकरण अनुसार खर्च नभएको | |
| ८. | | **चौमासिक खर्च:** चौमासिक प्रगति विवरण वनाई चौमासिक कार्य लक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा कार्यालयले उपलव्ध गराएको वित्तीय समानिकरण तर्फको विवरण अनुसार प्रथम चौमासिकमा १.४५ प्रतिशत, दोश्रो चौमासिकमा १४.१८ प्रतिशत र तेश्रो चौमासिकमा ८४.३५ प्रतिशत खर्च गरेको छ। आषाढ महिनामा मात्र ७०.२१ प्रतिशत रकम खर्च भएको देखिएको छ। यसरी अन्तिम चौमासिकमा खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। | |

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | वित्तीय समानीकरण | ७०७०६७१९ | १०२९०००.० | १००३३०९९.० | ५९६४४६२०.० | ४९६४४६२० |
| | खर्च प्रतिशत | | १.४५ | १४.१८ | ८४.३५ | ७०.२१ |

| | | | |
|---|---|---|---|
| ९. | | **कर्मचारी व्यवस्थापन :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। यस गाउंपालीकामा रहने कर्मचारी दरवन्दी २९ रहेपनि पदपूर्ति ८ रहेको देखियो। ३ अधिकृत सहित २१ पद रिक्त रहेको छ। गाउंपालिले १६ जना कर्मचारी करारमा नियुक्ती गरी कार्यालय सञ्चालन भैरहेकोले कर्मचारी आवश्यकताको विश्लेषण गरी पदपुर्ति गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाईनुपर्दछ। | |
| १०. | | **तथ्याङ्क व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) (ण) मा कृषि तथा पशु पालन, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी नीति निर्माण कार्यान्वयन तथा अनुगमन गर्ने गाउंपालिकाको काम कर्तव्य र अधिकार तोकिएको छ। सो कार्यका लागि कृषि पकेट क्षेत्र, फलफुल बगैचा पशुपालन समुह लगायतको तथ्याङ्क बिश्लेषणका लागि कृषि उपज बिरुवाको वितरण, पशुपालक समुहलाई बितरण गरेको रागो, कुखुरा जस्ता कृषिजन्य वस्तुको अनुदान विभिन्न शिर्षकबाट गत बिगत एवं यस वर्ष बितरण गरेको अनुदान सम्बन्धमा तथ्याङ्क व्यवस्थित गरी अनुगमन गर्ने गरेको नदेखिएकोले खर्चको प्रभावकारीता एवं भावी रणनीतिका लागि आवश्यक कदम चाल्नुपर्दछ। | |

| | | | |
|---|---|---|---|
| ११. | | **साना आयोजना केन्द्रीत बजेटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउने कार्यविधि अर्न्तगत निर्माण कार्यको लागत अनुमान तयार गरी सम्बन्धित काम वा सेवाको प्रकृति परिमाण लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोने वा बेहोर्नुपर्ने रकम खुलाई प्रस्ताव लिई सम्झौता गरि कार्य गराउनुपर्ने व्यवस्था छ । यस गाउंपालीकाले उपभोक्ता समिति मार्फत गराएका आयोजनाको लागत अनुमान तयार गर्दा गाँउ सभावाट छुट्याईएको बजेटको आधारमा लागत अनुमान तयार गरी सोही अनुसार कार्य सम्पन्न भएको जनाई भुक्तानी गरेको छ । यसरी कार्य गराउदा निर्माण कार्यको कुल लागत, सम्पन्न गर्न लाग्ने समयावधि, तथा निर्माण कार्यको गुणस्तर नहुन सक्ने अवस्था रहन्छ । तसर्थ कुनै पनि निर्माण कार्य गराउंदा आयोजनाको कुल लागत अनुमान तयार गरी उक्त आयोजनालाई प्याकेजको रुपमा निर्धारीत लागतमा तोकिएको समयावधिमा पुरा गरी गुणस्तरीयता अभिबृद्धि गरिनु आवश्यक देखिन्छ । यो वर्ष गाँउपालिकाको सभाले पास गरेको बजेटको आधारमा लागत अनुमान तयार गरी संचालन गरेका आयोजनाहरु निम्नानुसार रहेको पाईयो । बजेट बांडफांडमा दिगो विकास र उत्पादकत्व बृद्धि गर्ने खालका ठुला आयोजना भन्दा साना टुक्रे आयोजनाले प्राथमिकता पाएको देखिएकोले आयोजना छनौटमा तहगत रुपमै विस्तृत छलफल तथा विष्लेषण गरी उपयुक्त आयोजनाको छनौट गरिनुपर्दछ । | |

| क.सं | आयोजनाको लागत | आयोजना संख्या |
|---|---|---|
| १ | १० हजारदेखि ५० हजारसम्मका | ४० |
| २ | ५० हजारदेखि १ लाख सम्मका | ३९ |
| ३ | १ लाखदेखि ५ लाखसम्मका | ५९ |
| ४ | ५ लाख देखि १० लाखसम्मका | १३ |
| ५ | १० लाखदेखि २० लाखसम्मका | ७ |
| ६ | २० लाखदेखि ३० लाखसम्मका | २ |
| ७ | ३० लाखदेखि ४० लाखसम्म माथिका | २ |
| | ४० लाखभन्दा माथि | ३ |
| | **जम्मा** | **१६५** |

उपर्युक्त तालिकामा ठुला आयोजनाहरुलाई क्षेत्रगत अवण्डाको रुपमा देखाइएकोलाई ठुला आयोजनाको रुपमा गणना गरीएको छ ।यसले गर्दा साना आयोजनाहरुको संख्या अझ वढि हुने निश्चित रुपमा देखिन्छ । योजना छनौटको प्राथमिकीकरणमा ध्यान दिनु पर्दछ ।

| | | | |
|---|---|---|---|
| १२. | | **सामाजिक सुरक्षा तर्फः** | |
| १२.१ | | **लाभग्राहीको विवरण अद्यावधिक कार्यः-** सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७२ दफा (१२) अनुसार नाम दर्ता र नविकरणवाट आगामी वर्षका लागि लाभग्राहीको विवरण गाउँपालीकाले पौष मसान्तभित्र एम आइ एस मा नाम दर्ता तथा प्रमाणिकरण र नबिकरण समेत गरी विभागमा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । गाउंपालीकाको ५ वटा वडाको सामाजिक सुरक्षा भत्ता सम्बन्धि लगत सिस्टममा अद्यावधिक गरेको नदेखिएकोले कार्यविधिवाट निर्धारित प्रकृया अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई वस्तुनिष्ठ र प्रभावकारी वनाइनु आवश्यक देखिन्छ । | |
| १२.२ | | सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि), २०७२ नियम ३१ मा स्थानीय निकायले सामाजिक सुरक्षा भत्ता प्रदान गर्नको लागि गरेको नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण र मृत्यु तथा वसाइसराईको लगत कट्टा र थप गरेको विवरण सवैलाई पायक पर्ने स्थानमा सुचना टाँस गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउंपालीकाले यो वर्ष उक्त विवरण सार्वजनिक गरेको पाइएन । कार्याविधिको उक्त व्यवस्थाको पालना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी गराइनुपर्दछ | |
| १२.३ | | **भत्ता रकम वितरणः-** सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि) नियमावली, | |

| | | | |
|---|---|---|---|
| | | २०७२ को नियम १५(क) अनुसार गाउंपालिकाले प्रथम चौमासिक असोजको १ गतेवाट दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको १ गतेवाट दोस्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेवाट दोस्रो हप्ताभित्र भुक्तानी गरिसक्नुपर्ने व्यवस्था छ । उक्त नियममावलीको नियम (९०) अनुसार भत्ता भुक्तानी गर्दाको समयमा कुनै व्यक्ति उपस्थीत हुन नसकेको भए सोही आ.व.मै अर्को चौमासिकमा भत्ता बुझाउन सकिने उल्लेख भएकोमा एक चौमासिकमा प्राप्त गर्न छुट भएका लाभग्राहीहरुलाई अर्को चौमासिकमा भुक्तानी दिएको देखिएन । भुक्तानी भरपाई परीक्षण गर्दा केहिको नाता प्रमाणित र लाभग्राहीको मन्जुरीनामा वेगर हस्ते गरी भत्ता वुझेको देखियो । भुक्तानी गर्न छुट भएका व्यक्तिहरु तथा लगत कट्टा गर्नुपर्ने व्यक्तिहरु पहिचान गरी स्पष्ट रुपमा पेश्की फछ्र्यौटको लागि पेश गरेको देखिएन । तसर्थ पहिलो र दोस्रो चौमासिकमा छुट भएको लाभग्राही हरुलाई पछिल्लो चौमासिकमा अभिलेख अद्यावधिक गरी रकम उपलब्ध गराई सामाजिक सुरक्षाको प्रत्याभुति गरिनुपर्दछ । | |
| १३. | | **उपभोक्ता समितिः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सुचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशिनहरु प्रयोग गर्ने नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने, गाउंपालिकावाट गर्ने भुक्तानी आनुपातिक कट्टि नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने र खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| १४. | | **आयोजना हस्तान्तरण** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष अधिकांश आयोजना उपभोक्ता समितिबाट सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकी लगानी खेर जान सक्ने देखिन्छ । | |
| १५. | | **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| १६. | | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउंपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउंपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाउंपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा गाँउपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण | |

| | | | |
|---|---|---|---|
| | | लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाउंपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| १७. | | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउंपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले सो बमोजिम हिसाव राखेको देखिएन । | |
| १८. | | **सार्वजनिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ  गाउंपालिकाले यस वर्ष १ पटक मिति २०७५।११।१३ गते सार्वजनिक सुनुवाई गरेको देखियो । | |
| १९. | | **सेवा प्रवाह** : यस गाउंपालिकाको कार्यालयले गाउंवासीको लागि विभिन्न प्रकारका सेवाहरु प्रवाह गर्दै आएको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस बर्ष नागरिकता सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता लगायत अन्य विभिन्न सेवा प्रवाह गरिरहेको छ । सेवा प्रवाहलाई समयानुकुल प्रभावकारी गराउदै लानु पर्दछ । | |

| सेवा प्रवाहको विवरण | निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|
| नागरिकता सिफारिस | ४१७ | ४१७ |
| घरबाटो सिफारिस | १७५ | १७५ |
| नाता प्रमाणित | १८९ | १८९ |
| जन्म तथा मृत्यु दर्ता | २५० | २५० |
| अन्य | २५०० | २५०० |

| | | | |
|---|---|---|---|
| २०. | | **आन्तरिक राजस्वतर्फ**<br>**आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउंपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउंपालिकाले यस वर्ष रु.६३ लाख उठाउने लक्ष्य राखीएकोमा जेसिभिको रु.४३,२९,२००.० समेत रु.७७,०३,४७३.७३ संकलन गरेको छ । राजस्वका बैकल्पिक स्रोतहरु पहिचान गरी गाउंपालिकाको आम्दानी बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ । | |
| २१.<br>२१.१ | | **राजश्व अभिलेख :** स्थानीय तहहरुवाट राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राख्नु पर्नेमा रसिद नियन्त्रण खाता अध्यावधिक नगरेको, असुलि भएको राजस्व दैनिक रुपमा बैंक दाखिला नगरेको, राजस्वको लगत व्यवस्थित नगरेको जस्ता व्यहोराहरु देखिएकाले त्यसमा सुधार हुनुपर्दछ ।<br>स्टोरवाट जारी गरेको आम्दानी रसिद नं.२५१ देखि ३०० सम्मको ठेली लेखापरीक्षणको समयमा पेश नभएकोले यस ठेलीवाट उठेको आम्दानी यकिन हुन सकेन ।अतः सम्वन्धित कर्मचारीलाई जिम्मेवार वनाई राजस्व अभिलेखलाई व्यवस्थित गरिनु पर्दछ । | |
| २२. | | खर्च गर्दा खर्चको विल भरपाई संलग्न गरी स्रेस्ता राख्नुपर्नेमा  निम्नानुसारका खर्चहरु गरेकोमा विलभरपाई तथा पुष्ट्याई हुने आवश्यक कागाजत संलग्न  गरेको देखिएन । यसरी विल भरपाई तथा पुष्ट्याईको कागाजत संलग्न नभएको खर्च नियमित नदेखिएको रु. | ५८६६०३१.० |

| गो.भौ.नं र मिति | कार्यक्रमको नाम | भुक्तानी पार्टी | रकम | कैफियत |
|---|---|---|---|---|
| ९६-०७५/३/८ | एक घर एक धारा कार्यक्रम | विन्दवासिनी दर्शन सेवा | १०००००.० | १९ ट्रिप पानी ढुवानीको विवरण तथा कर विजक संलग्न नभएको |
| १२८-०७६/३/२९ | तिघ्रा खोला मुल खोला खा.पा. योजना | ज्यामी अदक्ष | १४३३७९.० | भरपाई भन्दा बढी मुल्यांकन भएको |
| ७९-०७६/३/२१ | सल्लेवेशी खानेपानी योजना | एस..टी एम सप्लायर्स | ४९३२०७.० | जिन्सी खाताबाट हस्तान्तरण गरी प्राविधिक शाखामा पठाएकोमा सामान जडान नभएको |
| २-०७६/३/३१ | खेलकुद मैदान | लेकाली निर्माण सेवा अर्डर एण्ड सप्लार्स | ३६०००००.० | |
| १५-०७६३/३० | सोलार स्ट्रील लाइट | स्वर्गद्धारी सोलार एण्ड इलेक्ट्रोनिक्स प्रा.लि | १५२९४४५.० | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरणको रु.१० लाख र गत वर्षको अ.ल्याबाट रु.५२९४३४.० भुक्तानी भएकोमा उक्त सामान जिन्सी दाखिला भएको नदेखिएको |
| | | **जम्मा** | **५८६६०३१.०** | |

२३. **विमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा निर्माण कार्य, कर्मचारी , कामदार, मेशिन उपकरण, तेश्रो पार्टी समेतको निर्माण व्यवसायीले वीमा गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले निम्नानुसारका निर्माण कार्यमा उपर्युक्त व्यवस्थाका पालना भएको देखिएन। नियमको पालना गर्नेतर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ।

| सि.नं | निर्माण कार्यको नाम | निर्माण व्यवसायी | लागत इष्टिमेट | कैफियत |
|---|---|---|---|---|
| १. | नयां गाउं वडा कार्यालय देखि उदयपुर जोड्ने बाटो | विजय निर्माण सेवा | २४५४००४.० | वि.ओ.क्यूमा विमा भए पनि विमा नगरेको |
| २. | तल्लो सिमल चेरनेल देखि उपल्लो सिमल चौर | लेकाली निर्माणसेवा अर्डर एण्ड सप्लायर्स | १११५३२१.० | वि.ओ.क्यू मा वीमाको आइटम नै नराखेको |
| ३. | स्याउलेघारी सिरुवारी उदयपुरको जोड्ने मोटरबाट | विजय निर्माण सेवा | १११५६२४.० | वि.ओ.क्यू मा वीमाको आइटम नै नराखेको |
| ४. | जस्तापाता तथा प्लेनसिट खरिद | पश्चिमाञ्चल हार्डवेयर | ४५९७७९८.० | वि.ओ.क्यूमा विमा भए पनि विमा नगरेको |

२४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम (३) मा सार्वजनिक निकाय र सम्वन्धित उपभोक्ता समिति वीच गरिने सम्झौतामा खुलाउनुपर्ने कुराहरुका सम्वन्धमा व्यवस्था छ । जसमा त्यस्तो सम्झौतामा उपनियम ३(क) अनुसार निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम , कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि समेत खुलाउनु पर्ने व्यवस्था छ। कार्यालयले निम्न लिखित कार्यक्रममा आयोजनाहरुका लागत अनुमान तयार गर्दा जनसहभागिताको अंश समावेश नगरेको अवस्थामा कार्यालयले सोही अनुपातमा आफूले भुक्तानी गर्नुपर्ने रकम कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सोही बमोजिम कट्टा नगरी निम्नानुसारका योजनामा बढी भुक्तानी दिएको रकम नियमित नदेखिएको रु......... ३४४३४०.५१५

| | | | |
|---|---|---|---|
| | | | |

| गो.भौ.नं र मिति | कार्यक्रम योजनाको नाम | लगत इष्टिमेट | सम्पन्न | उपभोक्ता समितिको योगदान हुनुपर्ने | उपभोक्ता समितिको योगदान भएको | घटी योगदान |
|---|---|---|---|---|---|---|
| १८-०७६/१/२० | गुवारखोला माण्डवी मोटरबाटो | ३४८३०६.० | ३३९९५७.० | ४८३०६.० | ३९९५६.० | ७१९२.०९१ |
| ६८-०७६/२/१४ | गणेश मा.वी निमांण योजना | ३३२७१६.० | ३३०९३५.० | ३२७१६.० | ३०९३५.० | १६०५.८७४ |
| ५०-०७६/१/२३ | नेराआ विजुजुनेट खेल मैदान निर्माण | ५७०६२५.० | ५६७६५८.० | ७०६२५.० | ६७६५८.० | २५९९.७८१ |
| ७६-०७६/२/१६ | सल्लेवेशी खानेपानी निर्माण योजना | ८१३९३५.० | ७९५६१७.० | १३८९३५.० | १२०६१७.० | १५१९१.२ |
| ७७-०७६/२/२० | दमारे एक घर एक धारा निर्माण | ४४९८६६.० | ४४२९४४.० | ४९८६६.० | ४२९४४.० | ६१५४.७२२ |
| ८६-०७६/२/२४ | सिरुवारी एक घर एक धारा खा.पा. योजना | १०३८४०६.० | १०१९२२६.० | २३८४०६.० | २१९२२६.० | १४७७६.४९ |
| ११६-०७६/३/२४ | रम्दी आपचौर लिफ्ट खा.पा. योजना | १५६४८००.० | १४४१२७४.० | २६००००.० | १३७२७४.० | १०२२०१.५ |
| १२४-०७६/३/२४ | ठुलो खोला पाङकोट लिफ्ट खानेपानी योजना | ४४३२१०६.० | २०९४१४१.० | ४३२१०६.० | २०३०००.० | ११६७.२४९ |
| १२५-०७६/३/२९ | वडा कार्यालय रंगरोगन कार्य | ५४७४६४.० | ५४२४९२.० | ४७४६४.० | ४२४९२.० | ४५४०.९३८ |
| १२७-०७६/३/२९ | धनचौरमा एक घर एक धारा | २४६१५५८.० | २३६२५८४.० | ७११५५८.० | ६१२५८४.० | ७०३६३.७७ |
| १३०-०७६/३/२९ | सिरके लिफ्ट खानेपानी योजना | २२७६१२९.० | २१४१२१५.० | २७६१२९.० | १४१२१५.० | ११८५४६.९ |
| | | | | | **जम्मा** | **३४४३४०.५१५** |

२५. **अत्याधिक आयोजना संचालन -** गाउं सभाले शसर्त अनुदान वाहेकका १८४ वटा योजनाहरु छनौट गरेकोमा समय समयमा बसेको कार्यपालिकाको वैठकले १०२ वटा योजनामा थप रु.१,६०,२२,०००.० बाट १०२ योजना थप गरी कुल योजनाको संख्या ४८६ वटा कार्यक्रम बनाएको देखिन्छ । यसरी सभाले पारित गरेको योजनाहरुलाई अत्याधिक रुपमा परिवर्तन गरेकोले शुरु सभाले योजना छनौट गर्दा पर्याप्त ध्यान पुऱ्याएको अवस्था देखिएन । योजनाहरु २० हजार देखिका संचालन गरेको देखियो । यसरी योजनाहरु संचालन गर्दा योजनाहरु प्रभावकारी हुन सक्ने स्थिति देखिदैन ।

२६. **डिटेल प्रोजेक्ट रिपोर्ट तथा प्रोफाईल तयारी :**

कार्यालयमा विगत वर्षहरुमा डिटेल प्रोजेक्ट रिपोर्ट तथा प्रोफाइल तयारीको व्यवस्थित अभिलेख रहेको देखिएन । तयारी गरेका यस्ता प्रतिवेदनहरु तयारी गर्नु भन्दा अगाडी वजेटको निश्चितता भएको नदेखिएको, प्रतिवेदनको भरपुर प्रयोग गरी योजना संचालन भएको देखिएन । यस्ता प्रतिवेदनहरु तयारी गनुपर्ने ठोस आधार विनानै प्रतिवेदन तयार गरी खर्च भुक्तानी गर्नाले प्रतिवेदन का लागि प्रतिवेदन तयार गर्ने प्रवृत्तिमा वढोत्तरी भएको देखियो । यस सम्वन्धमा कार्यालयले वास्तविक आवश्यकताका आधारमा भरपुर उपयोग हुने योजना तथा कार्यक्रमको मात्र डिटेल प्रोजेक्ट रिपोर्ट तथा प्रोफाईल तयार गनुपर्ने देखिन्छ

| गो.भौ.नं/मिति | कार्यक्रम/योजनाको नाम | भुक्तानी पार्टी | भुक्तानी रकम |
|---|---|---|---|
| २८ | नयांगाउं उदयपुरकोट सडक | इन्जिनियररिङ सर्भिसेज एण्ड डिजास्टर रिस्क म्यानेजमेन्ट कन्सल्ट प्रा.लि | ९१८२०२.० |
| ३० | स्याउलीघारीदेखी उपयपुरकोट सडक | टपकन इन्जिनियरिङ कन्सलटेन्सी प्रा.ली | १३८५४४०.० |

| | | | |
|---|---|---|---|
| ३० | नोडेल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.ली | गर्जेनी देखि एकचोटे जोड्ने पक्कि पुल | १३८४६०३ |

| | | | |
|---|---|---|---|
| २७. | | आ.व. २०७६।७७ को नीति तथा कार्यक्रम कार्यान्वयनका लागि २०७६।७७ को बजेट वक्तव्य २०७६।२।१५मा गरेको व्यवस्था बमोजिम मुल्य अभिवृद्धिकर नियमावली संशोधन भै ठेकेदार वा आपूर्तिकर्तालाई कर विजक वाफत रकम भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको पचास प्रतिशत ले हुन आउने रकम निजको नामबाट सम्वन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले निम्नानुसारको मूलय अभिवृद्धी कर रकम भुक्तानी गर्दा उपर्युक्त बमोजिम मूल्य अभिवृद्धी कर दाखिला गरेको नदेखिएकाले उक्त रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताबाट असूल गरी सम्बन्धित राजस्व शिर्षकमा दाखिला हुनुपर्ने रु... | ७८१७५८.० |

| गो.भौ.नं र मिति | कार्यक्रमको नाम | सम्वन्धित पार्टी | खरिद विवरण | मू.अ.कर | ५० प्रतिशत कट्टा नगरेको |
|---|---|---|---|---|---|
| ९१-०७६/३/४ | वडा कार्यालय मर्मत | जाल्पादेवी ग्रिल उद्योग | - | १०६७०.० | ५३५०.० |
| ९५-०७६/३/६ | मिल चोक प्रतिक्षालय निर्माण | सगरमाथा हार्डवेयर एण्ड कोल सप्लायर्स | सिमेन्ट | ११८८३.० | ५९४२.० |
| ११०/०७६-३/२३ | उदयपुरकोट दरवार तारवार कार्य | पिंडी फल्टी पर्पोज प्रा.ली | सिमेन्ट | ४१३४५.० | २०६७३.० |
| १०९-०७६/३/२३ | चकचके साइला खा.पा. योजना | अनुज तार जाली एण्ड ग्रील उद्योग | जाली | ५३३८४.० | २६६९२.० |
| " " | " " | एस.टि.एम सप्लायर्स | पाइप सिमेन्टहरु | १४५९०३.० | ७२९५२.० |
| ११६-०७६/३/२४ | रम्दी आप चौर लिफ्ट खा.पा. योजना | विपिन ट्रेर्डस एण्ड अर्डर | - | ९४३३.० | ४७१७.० |
| " " | " " | राप्ती इलेक्ट्रीकल्स | इलेक्ट्रीक सामान | २०३७८.० | १०१८९.० |
| " " | " " | हरियाली निर्माण सेवा | माटो काट्ने सामान | २०९२९.० | १०४६५.० |
| " " | " " | मल्ल रानी ट्रेर्डस | पाइप लगायत | ७३३७२.० | ३६६८६.० |
| ११८-०७६/६/२४ | अर्दुस लिफ्ट सिंचाई योजना | विनायक सप्लायर्स | पाइप लगायत | १८३३८.० | ९१६९.० |
| ११९-०७६/३/२४ | कमेरेपानी वाधखोरा खा.पा. योजना टैंकी निर्माण | मल्लरानी ट्रेर्डस | पाइप लगायत | १७२५३.० | ८६२६.० |
| १२२-०७६/३/२९ | पर्खा निर्माण माण्डवी मा.वी | राप्ती ग्याविन सिस्टम प्रा.ली | ग्यावियन | २६२०८.० | १३१०४.० |
| १२४-०७६/३/२९ | ठूलो खोला पाङकोट लिफ्ट खानेपानी योजना | एस.टी.एस सप्लायर्स | जिआई पाइप | १९१४५५.० | ९५२२८.० |
| १२५-०७६/३/२९ | रम्दी वडा कार्यालय मर्मत | राप्ती इलेक्ट्रीकल्स | पाइप रंग | ७१७५.० | ३५८८.० |
| " " | " " | शारदा ट्रेर्डस एण्ड सप्लायर्स | रंग | १३६६६.० | ६८३३.० |
| " " | " " | आमोद समिल | काठ | १०४००.० | ५२००.० |
| १३२-०७६/३/२९ | कालीखोला सिंचाई पोखरी निर्माण | विपिन ट्रेर्डस एण्ड सप्लायर्स सिटी एस सप्लायर्स | पाइप | १४७०५.० | ७३५३.० |
| १३४-०७६/३/२० | चुरुङ्गा पचेरा लिफ्ट खा.पा. योजना | एस टिएव सप्लायर्स | पाइप सिमेन्ट छड | १४०६९.० | ७०३५.० |
| १३५-०७६/३/३० | लामाचौर मार्सिवाङ मोटर वाटो | लेकाली निर्माण सेवा अर्डर एण्ड सप्लायर्स | पाइप सिमेन्ट छड | १३५३७.० | ६७६९.० |
| १३७-०७६/३/३० | जस्पुर लिफ्ट खा.पा. योजना | राप्ती इलेक्ट्रीकल्स | माटोको काम | ५७८६७.० | २८९३४.० |
| " " | " " | नितेस अर्डर एण्ड सप्लायर्स | पाइप फिटिङस | २९०९३.० | १४५४७.० |
| " " | " " | एस टी एस सप्लायर्स | ग्याविन | ३०७४३.० | १०३७२.० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | " " | " " | इमिना निर्माण सेवा | सिमेन्ट छड , निर्माण कार्य | ९१००.० | ४५५०.० |
| | १४९-०७६/३/३१ | कार्यालय सामान | हिमालय मल्टी पर्पोज | विभिन्न सामान | १२६७५.० | ६३३८.० |
| | १५२-०७६/३/३१ | कार्यालय सामान | ग्रिक मेडिया प्रा.ली | बुलेटिन प्रकाशन | १३७८०.० | ६८९०.० |
| | १२७-०७६/३/२९ | धनचौरमा एक घर एक धारा | एस.एस. सप्लायर्स | पाइप लगायत | १६१११६.० | ८०५५८.० |
| | १२८-०७६/३/२९ | तिघ्राखोला मुलाखोला खानेपानी योजना | लक्ष्मी ट्रेडर्स | सिमेन्ट छड | १८५३७१.० | ९२६८६.० |
| | " " | " " | एस.टी.एस सप्लयर्स | पाइप | ३३४२९.० | १६७१५.० |
| | " " | " " | के.सी ग्रिल उद्योग | गेट निर्माण | १०३५४.० | ५१७७.० |
| | १२९-०७६/३२९ | उन्नती महिला | एस.टी.एस सप्लयर्स | सिमेन्ट छड | ११५०५.० | ५७५३.० |
| | १३०-०७६/३२९ | सिप्रे लिफ्ट खा.पा. योजना | एस.टी.एस सप्लयर्स | पाइप | १०६०८०.० | ५३०४०.० |
| | " " | " " | राप्ती इलेक्ट्रीकल्स | पाइप फिटिङस | २६७२१.० | १३३६०.० |
| | ४-२०७६/२/२१ | भिडियो एक्सरे मेशिन खरिद | डलिजेनट इन्टरनेशनल प्रा.लि, काठमाडौं | भिडियो मेशिन खरिद | १६९०००.० | ८४५००.० |
| | " " | " " | लक्ष्मी ट्रेडर्स | फिटिङस | ३५३४.० | १७६७.० |
| | | | | | **जम्मा** | **७८१७५८.०** |

२८. **पदाधिकारीहरुको सुविधा** - प्रदेश नं ५ प्रदेश अर्न्तगतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको व्यवस्था गर्न बनेको कानूनबाट सुविधाको रुपमा पारिश्रमक पाउने व्यवस्था गरे बमोजिम यस वर्ष यस गाउंपालिकाले अध्यक्ष, उपाध्यक्ष र सदस्यको पारिश्रमिक (भत्ता वाहेक) रु.४२,८४,०००.० खर्च लेखेको देखियो ।

| सि.नं | विवरण | प्रमुख । अध्यक्ष | उप प्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | ३६००००.० | ३२४०००.० | १२०००००.० | १०५६०००.० | १३४४०००.० | ४२८४०००.० |
| २. | सञ्चार सुविधा (मासिक दरमा) | १२०००.० | - | ३००००.० | - | - | ४२०००.० |
| ३. | बैठक भत्ता (बैठक संख्याको आधारमा) | ५२३००.० | ४५३००.० | २७०५००.० | १५०००.० | ४५९२००.० | ८४२३००.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | खाजा भत्ता (मासिक) | — | - | - | - | - | - |
| ५. | पुस्तक पत्रपत्रिका ( मासिक) | — | - | - | - | - | - |
| ६. | अनुगमन भत्ता (मासिक) | ४००००.० | ४५०००.० | ५००००.० | ७२०००.० | १९२०००.० | ४०९०००.० |
| ७. | खानेपानी, विजुली महशुल (मासिक) | — | - | - | - | - | - |
| ८. | सरसफाई, मर्मत ( मासिक) | — | - | - | - | - | - |
| ९. | अतिथि सत्कार (मासिक) | — | - | - | ३८१४०.० | १६४०.० | ५४५४०.० |
| १०. | यातायात खर्च (मासिका) | | | | | | |
| | **जम्मा** | **४६४३००.०** | **४१४३००.०** | **१५६०५००.०** | **११८११४०.०** | **२०११६००.०** | **५६३१८४०.०** |

| | | | |
|---|---|---|---|
| २८.१ | | **सुविधा र आन्तरीक आयको अनुपात** : प्रदेश नं ५ अर्न्तगतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी र सदस्यले आफू निर्वाचित भई काम कारवाही सुरु गरेको मिति देखि अनुसुची १ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरीक स्रोत समेतको आधारमा मासिक सुविधा पाउने व्यवस्था रहेको छ । यस वर्ष गाउंपालिकाले आन्तरीक स्रोत तर्फ रु.७७,०३,४७३.७३ मात्र आम्दानी रहेकोमा पदाधिकारी तथा सदस्यहरुको मात्र वार्षिक सुविधामा रु.५६,३१,८४०.० भएको देखिन्छ । जस अनुसार कुल आन्तरीक स्रोत तर्फको आम्दानीको ७३.१० प्रतिशत रकम स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधामा खर्च भएको देखिन्छ । | |
| २९. | | **बैठक भत्ता खर्च -** नेपाल सरकार अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा कार्य संचालन निर्देशिका २०७४ को परिच्छेद ७ खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्य विधिको दफा ७.१.१ बैठक भत्ताको मापदण्ड अर्थ मन्त्रालयको निर्णयानुसार बैठक भत्ता दिने आधारहरु बमोजिम स्पष्ट विषयबस्तु र कार्य योजना वेगर बैठक बस्न पाउने छैन, बैठक कार्यालय समय बाहिर हुनुपर्ने, एउटै निर्णय र अन्तर्गतका पदाधिकारी, कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न पाउने छैन भन्ने आधार तोकिएको छ । गाउंपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको कार्यक्रम संचालन गर्ने सम्बन्धि विषयमा समेत दैनिक कार्य संचालनबाट गर्न सक्ने कार्यलाई पनि समिति बनाई बैठक बस्ने गरेको, स्पष्ट उद्देश्य र उपलब्धी विना नै एउटै समितिको वैठक पटक पटक बसेको देखिन्छ । यो वर्ष विभिन्न विषयहरुमा रु.१०,७३,५००.०. खर्च लेखेको छ । गाउंपालिकाको कार्य विवरण तथा कार्यक्षेत्र बमोजिम कार्यक्रममा निदिष्ट गरेका कामलाई छुट्याएको बजेटभित्र खर्च यकिन गरी भविष्यमा पर्न सक्ने आर्थिक दायित्व, प्रभावकारिता र नियन्त्रण रहने नरहने समेत विचार नगरी खर्च लेखेको छ । यस्तो प्रकारका खर्चमा नियन्त्रण हुनु पर्दछ । | |
| ३०. | | **अनुगमन मुल्यांकन -** यस वर्ष शिर्षक (२२६११) अर्न्तगत रु.७,७३,४४० र भ्रमण खर्च शिर्षक (२२६१२ अर्न्तगत रु.१६,३०,३३९.० गरी जम्मा २८,००,०००.० बजेट विनियोजन भएकोमा २४,०३,७७९.० (८५.८४ प्रतिशत) खर्च भएको देखिन्छ । यसरी अनुगमन भ्रमण गर्दा स्वीकृत कार्यक्रम, लक्षित सूचक, अनुगमन संख्या र उपलव्धी समेत एकिन हुने गरी अनुगमन कार्ययोजना तर्जुमा गरेर सो आधारमा अनुगमन गर्नुपर्ने र अनुगमनबाट प्राप्त उपलव्धी समेटी भ्रमण प्रतिवेदन तयार गर्नुपर्ने, गाउंपालिका सीमा भित्रै भ्रमण गर्दा दुरी निर्धारण गर्नुपर्ने, आवश्यकता र औचित्यका आधारमा मात्र कर्मचारीहरुलाई भ्रमणमा पठाउनु पर्ने, अनुगमन भ्रमणमा जाने कर्मचारीहरुको अभिलेख व्यवस्थित गर्नको लागि भ्रमण खर्च अभिलेख खाता अद्यावधिक गर्नुपर्नेमा गरेको देखिएन । जसबाट अनुगमन मुल्यांकन तथा भ्रमण खर्चको प्रभावकारिता मापन गर्न सकिएन । | |
| | | **कृषि तथा पशु कार्यक्रम तर्फ** | |

| | | | |
|---|---|---|---|
| ३१. | | यस वर्ष गाउंपालिकाबाट कृषितर्फ एक घर एक करेसावारी, पावर ट्रेलर, विउ वितरण, अदुवा, बेसारको पकेट क्षेत्र, युवा स्वरोजगाजर कार्यक्रम, फलफूलका विरुवा वितरण, सहकारी खेती, साना सिंचाई तथा मल विउ ढुवानी जस्ता कार्यक्रम र पशु तर्फ औषधी खरिद, पशु स्वास्थ्य शिविर तथा खोप कार्यक्रम, घांसको विउ खरिद तथा वितरण र नश्ल सुधारका लागि प्राकृतिक गर्भाधान जस्ता विषयमा वित्तीय समानीकरण तर्फ रु.५४,७०,०००.० बजेट विनियोजन भएकोमा ३६,५३,२५५.० खर्च भएको देखिन्छ । कृषकहरुले प्रत्यक्ष लाभ प्राप्त गर्ने गरी संचालित यस्ता कार्यक्रमहरुबाट वास्तविक किसान लाभान्वित हुन सके सकेनन् त्यसको अनुगमन गरी किसानले के कति मात्रामा आय आर्जन बृद्धि गर्न सके एवं प्रत्यक्ष अप्रत्यक्ष रोजगारीमा समेत के कति प्रभाव पऱ्यो । त्यसको अनुगमन प्रतिवेदन प्राप्त हुन नआएकोले खर्चको सहि उपयोग भएको छ भनी आस्वस्त हुने आधार भएन । | |
| ३२. | | गाउंपालिकाको कार्यालयले सशर्त अनुदान अर्न्तगत स्वीकृत भएका कार्यक्रमहरु पूर्ण खोप दिगोपना कार्यक्रम, पुर्ण खोप भेरिफिकेशन अनुगमन व्यवस्थापन कार्यक्रम, पालिका स्तरमा खोपको समिक्षा तथा शुष्म योजना गोष्ठी, खोप महिना सन्चालन ड्रप आउट बच्चा खोजी गर्न म.स्वा.सेविकाहरुलाई अभिमुखीकरण कार्यक्रम, वडा समन्वय समितिहरुलाई अर्न्तक्रिया कार्यक्रम संचालन गर्नको लागि गाउंपालिकाबाट कार्यक्रम स्वीकृत नगराई बित्तीय समानीकरण शिर्षकबाट भुक्तानी खर्च लेखेकोले गाउं सभाबाट अनुमोदन गर्नुपर्ने रु...... | १,८५,०००.० |
| | | **स्वास्थ्य तर्फ** | |
| ३३. | ४-२०७६।२।२१ | **भिडियो एक्सरे मेसिन खरिद** - गाउंपालिकाले स्वीकृत वार्षिक कार्यक्रम अनुसार भिडियो एक्सरे मेशिन खरिद गर्नको लागि रु.१४,८५,९५०.० (भ्याट सहित) को लागत अनुमान तयार गरी वोलपत्रको माध्यमबाट सवै भन्दा कम कवोल अंक रु १४,६९,०००.० भएको डेलिजेन्ट इन्टरनेशन कर्न्सन प्रा.लि, काठमाडौंसंग २०७६।२।९ मा सम्झौता गरी प्राप्त गरेको भिडियो एक्सरे मेशिन २०७६।२।२१ मा जिन्सी दाखिला भएको प्रमाण पेश भएतापनि उक्त भिडियो एक्सरे मेशिन स्पेशिफिकेशन अनुसार प्राप्त भयो भएन भनी प्राविधिक परीक्षण नभएको र उक्त मेशिनलाई जडान गरी प्रयोगमा ल्याएको देखिएन । अत : उक्त एक्सरे मेशिनको प्राविधिक परीक्षण र जडान गरिएको प्रमाण पेश गर्नुपर्ने रु..... | १४,६९,०००.० |
| ३४. | | **आर्थिक वर्षको अन्तमा खरिदः** कार्यालयले यस आर्थिक वर्षको अन्तमा खरिद गरेका औषधिहरुको विवरण निम्नानुसार रहेको छ । | |

| सि.नं. | औषधि/ सर्जिकल सामानहरुको नाम | परिमाण |
|---|---|---|
| १ | Lignocanine | 50 |
| २ | ibuprofen 400 mg | 10,000 |
| ३ | Amoxycilline 500 mg | 10,000 |
| ४ | Amoxycilline 250mg | 10,000 |
| ५ | Amoxycilline 125 mg | 10,000 |

| | | | |
|---|---|---|---|
| | | यसरी आर्थिक वर्षको अन्तमा खरिद गरेका औषधिहरु कार्यालयमा मौज्दात रहेको देखिएकोले बार्षिक कार्यकमले तोकेको समयावधिमा औषधि खरिद गरि निर्धारित समयमा स्वास्थ्य संस्थाहरुमा पठाई स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारीता अभिबृद्धि गर्नु आवश्यक देखिन्छ । | |

| | | | |
|---|---|---|---|
| ३५. | | **खोपको स्थिति तथा खेर जाने दरः**<br>नेपाल सरकारले बालमृत्युदर कम गर्ने तथा बालस्वास्थ्य सुधार गर्नका लागि तपसिल बमोजिमका खोप निशुल्क उपलब्ध गराएकोमा तपसिल बमोजिमको स्थिति देखिएको छ । | |

| • खोपको नाम | • खोप लिनेको कुल संख्या | • खोपको खर्च संख्या( डोजमा) | • खोपको खेर जाने दर | • खोपको अभाव भएको समय |
|---|---|---|---|---|
| वि.सी.जी | ३४८ | ३२८० | ८९ | नभएको |
| डि.पि.टी,हिप बि,हिव(पेन्टा) | १०४४ | १३५० | २३ | नभएको |
| पोलियो | १०४४ | १३५० | २३ | नभएको |
| पि.सि.भी | १०५० | १२०० | १३ | नभएको |
| दादुरा | ७०१ | २११० | ६६ | नभएको |
| जे.ई | ३६५ | ७२५ | ४९ | नभएको |

| | | | |
|---|---|---|---|
| | | उर्पयुक्त बमोजिम वि.सी.जी. खोपको ८९ प्रतिशत खेर गएको, दादुरा खोप ६६ प्रतिशत खेर गएको तथा. जे.ई. ४९ प्रतिशत खेर गएको पाईएकोले खोप कार्यक्रमलाई सुव्यवस्थित गरि संचालन आवश्यक देखिन्छ । | |
| ३६. | १०।०७५।८।२६ | सफ्टेक इन्फोसिस प्रा.लि.बाट ७ वटा इलेक्ट्रोनिक हाजिरी मेशीन खरीद तथा जडान कार्य भनी रु.२,०५,६६०।०० खर्च लेखेकोमा कहाँ कसलाई बुझाएको हस्तान्तरण फारम पेश भएन । अतः हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु...................... | २,०५,६६०।०० |
| ३७. | १५।०७६।३।३१ | **प्रदेश सरकार राजस्व बाँडफाँड (चालू)**<br>कुनैपनि खर्च गर्दा खर्चको सक्कल बिल भरपाईको साथै उक्त खर्चलाई पुष्ट्याई गर्ने कागजात सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस बर्ष निम्न ९ जना अपाङ्ग व्यक्तिहरुलाई रु.२,००० का दरले रु.१८,००० अपाङ्गता परिचयपत्र बेगर भत्ता बितरण गरेको देखियो । संघीय र प्रदेश सरकारबाट एकै प्रकृतिका खर्च गरेकोले दोहोरो परे नपरेको यकिन गर्न सकिएन । यसरी आवश्यक प्रमाण बेगर भरपाईको आधारमा मात्र खर्च लेख्नु नियम सम्मत देखिएन । अतः नियमानुसार उक्त खर्चको प्रमाण पेश गर्नुपर्ने रु.................. | १८,००० |

| सि.न. | नाम थर | ठेगाना | अपागं परिचय पत्र नं. | वर्ग | रकम |
|---|---|---|---|---|---|
| १ | पार्वता वली | मा-२ खुक्लीचौर | १२६७ | ग | २०००। |
| २ | निशान घर्ति मगर | मा-२ ढाड | २४०४ | ग | २०००। |
| ३ | विजय खत्री | मा-२ गोल्वाङ | ३३२० | ग | २०००। |
| ४ | देवका परियार | मा-२ मर्कावाङ | २४०६ | घ | २०००। |
| ५ | खुपिराम घर्ति | मा-२ ढिकावान | २४०७ | घ | २०००। |
| ६ | सुशिला घर्ति | मा-रातापानी | २४१३ | घ | २०००। |
| ७ | खोप बहादुर खत्रि | मा-२ धन्चौर | ०८/०७६/०७७ | ख | २०००। |
| ८ | दुवा मगर | मा-२ ढिकावन | २४१७ | ख | २०००। |
| ९ | कल्पना नेपाली | मा-२ पक्रुक | १६२ | ख | २०००। |
| | जम्मा रकम | | | | १८०००। |

| | | | |
|---|---|---|---|
| ३८. | | **प्रदेश सरकार राजस्व बाँडफाँड (पूँजीगत)**<br>सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) मा कुनैपनि खरीद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरीद गर्नुहुँदैन भन्ने व्यवस्था छ । गाउँपालीकाले यस बर्ष मेशीनरी औजार शीर्षकमा निम्न अनुसार गोश्वारा भौचरबाट बिभिन्न सामान टुक्रा टुक्रा पारी खरीद गरेको देखियो । यसरी ऐन बिपरित गरेको खरीद अनियमित भएको रु…………………… | **२९,६६,६९५.०** |

| भौ.नं./मिती | फर्मको नाम | सामानको नाम | रकम |
|---|---|---|---|
| २।०७५।८।२३ | अरुण अर्डर एण्ड सप्लायर्स | स्पीकर | १,००,०००।०० |
| ३।०७५।८।२३ | ब्रिक कन्सल्ट प्रा.लि. | सिसि टिभि थान | ४,४५,०००।०० |
| ४।०७५।८।२६ | अरुण अर्डर एण्ड सप्लायर्स | डेक्स्टप प्रिन्टर | ३,६६,४९९।०० |
| ६।०७६।१।१९ | Telectronics International | इन्भर्टर | २,१५,०००।०० |
| ८।०७६।३।२३ | अरुण अर्डर एण्ड सप्लायर्स | डिजिटल क्यामेरा | ७८,०००।०० |
| ८।०७६।३।२३ | Telectronics International | डेक्स्टप | ५,००,०००।०० |
| १०।०७६।३।३१ | Ishan Construction | डेक्स्टप | ४,४८,००४।०० |
| ११।०७६।३।३१ | Telectronics International | डेक्स्टप | ७०,०००।०० |
| ११।०७६।३।३१ | अरुण अर्डर एण्ड सप्लायर्स | प्रिन्टर | ३७,४००।०० |
| ३-२०७६/३/२४ | स्वर्गद्धारी सोलार एण्ड इलेक्ट्रोनिक्स प्रा.लि, काठमाडौं | सोलार प्यानर लगायतका सामाग्रीहरु | ५७२७९२.० |
| १६-२०७३/३/२३ | अरुण एण्ड सप्लायर्स | इन्र्भटर | १६४०००.० |
| | | **जम्मा** | **२९,६६,६९५.०** |

| | | | |
|---|---|---|---|
| ३९. | **४-२०७६/३/२३** | **बढी भुक्तानी** - कार्यालयले प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि विभिन्न सामाग्री खरिद बापत फिस्टेल सप्लायर्स प्रा.लि, रुपन्देहीलाई भ्याटसहित रु.४,६६,३१२.० भुक्तानी गर्नुपर्नेमा रु.४,७७,३१२.० भुक्तानी गरेको देखिएकोले बढि भुक्तानी भएको रु.१०,०००.० असूल गरी दाखिला गर्नुपर्ने रु. | १००००.० |
| ४०. | | **आन्तरीक लेखापरीक्षणबाट औल्याइएका व्यहोराहरु** | |
| ४०.१ | **१६-२०७६।०३।२३** | सावर्जनिक निकायले एक लाख रुपैयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तिमा तीनवटा आपुर्तीकर्ताहरुबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था छ । अरुण अर्डर एण्ड सप्लायर्सको बिल नं.. १००२ मिति २०७६।०२।२३ गतेको बिल अनुसार इन्भटर खरिद गरे वापत रु १६४०००।- भुक्तान गरिएकोमा सोझै खरिद गरेको देखिन्छ, कार्यालयले सोझै खरिद गरी खर्च रकम भुक्तानी गरको खर्च नियम संगत नदेखिएकोले खर्च नियमसंगत गर्नुपर्दछ । | १६४०००.0 |

| | | | |
|---|---|---|---|
| ४०.२ | २८-२०७६।०३।३१ | प्राविधिक धारका विद्यालय सञ्चालनका लागि ल्याब सहयोग अनुदान भनि माण्डवी मा.वि. नयागाउँ, प्यूठान र कामाक्षी मा.वि., उदयपुरकोट, प्यूठानलाई क्रमश रु २५,००,०००।- र रु १,९२,०००।- गरि जम्मा रु २६,९२,०००।- विल भर्पाइ बिना विद्यालयको खातामा रकम जम्मा गरिएको पाइयो । यसरी बिल भर्पाइ बिना विद्यालयको खातामा रकम जम्मा गर्नुको आधार पेश भएन । साथै विद्यालय क्षेत्र विकास कार्यक्रम(केन्दस्तर)-भवन निर्माण तर्फ छात्रावास निर्माण कार्यको विद्यालय व्यवस्थापन समितिको कार्य सम्पन्न भएको भनि गरेको निर्णयको आधारमा साथै कार्यपालिकाको निर्णयको आधारमा र बिल भर्पाइ तथा कार्यसम्पन्न प्रतिवेदन प्राप्त पछि मात्र भुक्तानी पाउने गरी हाललाई खाता बन्द गर्ने गरी माण्डवी मा.वि. नयाँगाउँ, प्यूठानको खातामा रु १४,८४,६५५।- जम्मा गरिएकोमा यसरी बिल भर्पाइ बिना तथा कार्यसम्पन्न प्रतिवेदन वेगर विद्यालयको खातामा रकम जम्मा गरेको नदेखिएकोले सो खर्चको विल भरपाई पेश गर्नुपर्ने रु. | ४१७६६५५.0 |
| | | **संघीय राजश्व बाँडफाड (चालु खर्च र आन्तरिक स्रोत)** | |
| ४१ | ५६-२०७६।०८।०७ | ग्रीक मिडिया प्रा.लि., बुटवलको बिल नं. १७ मिति २०७५।०८।०६ गतेको बिल अनुसार टेण्डरको सूचना छपाइ गर्दा लागेको लागत रु १८९८४०।- को दररेट पेश तथा संलग्न नभएको । नियमित गर्नुपर्ने रु...... | १८९८४० |
| ४१.१ | ५७-२०७५।०८।०७ | यूनिक कन्ट्राइभ धनगढीको बिल नं. ०२ मिति २०७५।०७।२८ गतेको बिल अनुसार ग्रुप एस एम एसको सुविधा लिए वापतबो बिलको रकम भुक्तानी गर्दा सक्कल बिल अनुसारको रकम भुक्तानी भएको देखिएन । सक्कल बिल राखि नियमित गर्ने रु..... | ३१३५।५० |
| | | वित्तिय समानीकरण (संघ) | |
| ४१.२ | १४६-२०७६।०३।३१ | खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बिमा गराउनु पर्ने व्यवस्था छ । माण्डवी गाउँपालिका को ठेक्का नं. 02/MRM/2075-076/RI नयाँगाउँ-उदयपुरकोट ग्रामिण सडक निर्माण कार्यको लागी विजय निर्माण सेवा, प्यूठानको ठेक्का रकम रु२५४६१२३।२५ (भ्याट बाहेक) सम्झौता भएको, बिल रकम भ्याट बाहेक रु ११७२०५८।००, भ्याट सहित भुक्तानी भएको रकम रु १३२४४२६।२३ भुक्तानी दिँदा उक्त व्यवसायीले सम्झौताअनुसार रु १३५००।- बराबरको बिमा गरेको कुनै पनि कागजात पेश नगरि भुक्तानी लिएको देखियो । यस्तो बिषयमा कार्यालये ध्यान दिनुपर्दछ । नियमित गर्ने रु ...... | १३५०० |
| | | संघीय सरकार ससर्त अनुदान(महिला विकास) | |
| | | **अद्यावधिक वेरुजू स्थिति** : यस गाउंपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न वांकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ । | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न वांकी (C) | यो वर्षको सम्परीक्षणबाट कायम वेरुजू (D) | यस वर्षको कायम वेरुजू (D) | वांकी (F=C+D+E) |
|---|---|---|---|
| २७२०००।० | - | १६४०५५२४.० | १६४३२७२४ |